# बनेपा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ५ संख्याः १ मितिः २०७९।११।२

## भाग-१

बनेपा नगरपालिका

# जनस्वास्थ्य सेवा ऐन, २०७९

नगरसभाबाट स्वीकृत मितिः २०७९।१०।२३

# जनस्वास्थ्य सेवा ऐन, २०७९

**नगरसभाबाट स्वीकृत मितिः २०७९।१०।२३**

**प्रस्तावनाः**

स्वस्थ्य जीवनयापन गर्न पाउने नागरिकको नैसर्गिक अधिकारलाई आत्मसात गर्दै, व्यक्तिको शारीरिक, मानसिक तथा सामाजिक विकासको लागि स्वच्छ, स्वस्थ एवं सुरक्षित वातावरण र गुणस्तरीय स्वास्थ्य सेवाको अपरिहार्यतालाई मनन गर्दै, स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक बन्चित हुने अवस्था आउन नदिन उपलब्ध स्रोत साधनको समुचित सदुपयोग गर्दै नेपालको संविधानले प्रत्याभुत गरेको निशुल्क, आधारभुत स्वास्थ्य सेवालाई स्थानीय तहमा व्यवस्थित, जनमुखी र प्रभावकारी बनाउनका लागि आवश्यक कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी बनेपा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः-**

(१) संक्षिप्त नाम र प्रारम्भ (१) यस ऐनको नाम बनेपा नगरपालिकाको जनस्वास्थ्य सेवा ऐन २०७९ रहेको छ ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुगमन समिति" भन्नाले दफा ११ बमोजिम गठित अनुगमन समितिलाई जनाउनेछ ।



(ख) "आकस्मिक उपचार सेवा" भन्नाले बिरामीको जीवन खतरामा परेको वा कुनै अंग अशक्त हुने अवस्थामा तत्काले उपचार सेवा प्रदान गरी मृत्यु वा अशक्त हुनबाट जोगाउने उपचारात्मक सेवाहरू पर्दछन् ।

(ग) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रूपमा निःशुल्क उपलब्ध हुने प्रबर्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुर्नःस्थापनात्मक सेवा सम्झनुपर्छ ।

(घ) "ऐन" भन्नाले जनस्वास्थ्य ऐनलाई सम्झनुपर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले बनेपा नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(च) "गैह्र सरकारी वा निजी स्वास्थ्य संस्था" भन्नाले बनेपा नगरपालिका क्षेत्र भित्र प्रचलित कानून बमोजिम बनेपा नगरपालिकाको स्वीकृति र संचालन अनुमति लिई गैह्र सरकारी तथा निजी लगानी वा स्वामित्वमा संचालन गरेका स्वास्थ्य संस्था सम्झनुपर्छ ।

(छ) "चिकित्सक तथा स्वास्थ्य कर्मी" भन्नाले प्रचलित कानुन बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सम्बन्धित परिषदबाट अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(ज) "जंक फुड" भन्नाले फ्याट, चिनी वा नुनको अत्याधिक मात्रा भएको प्रशोधित खाद्य सामाग्री बुझिनेछ ।

(झ) "तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिमको नियमावली वा नगर कार्यपालिकाबाट भएको निर्णयमा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ञ) "नगरपालिका" भन्नाले बनेपा नगरपालिका सम्झनुपर्छ ।

(ट) "नगरपालिका क्षेत्र" भन्नाले नगरपालिकाको भूभाग सम्झनुपर्छ ।

(ठ) "निर्देशिका" भन्नाले यस ऐनको कार्यान्वयन गर्न कार्यपालिकाले जारी गर्ने निर्देशिका सम्झनुपर्छ

(ड) "प्रमुख" भन्नाले नगर प्रमुख सम्झनुपर्छ ।

(ढ) "शाखा" भन्नाले कार्यपालिकाको स्वास्थ्य शाखा सम्झनुपर्छ ।

(ण) "सरकारी स्वास्थ्य संस्था" भन्नाले बनेपा नगरपालिका क्षेत्र भित्र बनेपा नगरपालिकाले संचालन गरेका स्वास्थ्य संस्था सम्झनु पर्छ ।

(त) "स्वास्थ्य मा प्रत्यक्ष रूपमा प्रतिकुल असर" भन्नाले सम्बन्धित गतिविधिको प्रत्यक्ष नतिजा स्वरूप पीडित पक्षलाई शारीरिक वा मानसिक रोग लागेको, चोटपटक लागेको, अंगभंग भएको वा मृत्यु भएको भनेर बुझ्नुपर्छ ।

(थ) "स्वास्थ्य संस्था" भनले प्रचलित कानून बमोजिम स्थापना भएका इजाजत पत्र लिएका सरकारी, गैर सरकारी, निजी, सामुदायिक र सहकारी रूपमा संचालित दफा ६ र दफा ८ बमोजिमका स्वास्थ्य संस्थालाई जनाउँछ ।

(द) "सेवा प्रदायक" भन्नाले मान्यताप्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी सम्बन्धित परिषदवाट अनुमति प्राप्त स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्य कर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनुपर्छ र सो शब्दले स्वास्थ्य सेवा प्रदान गर्ने अनुमति प्राप्त स्वास्थ्य संस्थालाई समेत जनाउनेछ ।

(ध) "सेवाग्राही" भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनुपर्छ ।



## परिच्छेद २

## आधारभूत स्वास्थ्य सेवा र सेवा प्रदायक

**३. आधारभूत स्वास्थ्य सेवा:**

(१) कुनै पनि नागरिकलाई आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन । प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा सहज र सर्वसुलभ पहुँच हुनेछ ।

(२) प्रत्येक नागरिकलाई अनुसूची १ मा उल्लेख भए बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरू निःशुल्क प्राप्त गर्ने हक हुनेछ ।

(३) नेपाल सरकारले निर्धारण गरेको आधारभूत स्वास्थ्य सेवा सम्बन्धी मापदण्ड, सेवाहरूको विस्तृत विवरण, सेवा प्रवाह सम्बन्धी अन्य व्यवस्था र प्रकृया बमोजिम कार्यपालिकाले उपदफा (२) बमोजिमका आधारभूत स्वास्थ्य सेवाको व्यवस्थापन गर्नेछ ।

(४) नेपाल सरकारले निर्धारण गरेका उपदफा (२) बमोजिमका सेवामा स्थानीय आवश्यकता र उपलब्ध स्रोत साधनका आधारमा आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरि आधारभूत स्वास्थ्य सेवाको सूची थप गर्न सक्नेछ ।

(५) उपदफा (२) मा उल्लेख गरिएका सेवाका अतिरिक्त तोकिएको वर्ग, समुह, लिङ्ग वा क्षेत्रका नागरिकलाई तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा समेत कार्यपालिकाले निःशुल्क उपलब्ध गराउन सक्नेछ ।

(६) आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४. आधारभूत स्वास्थ्य सेवा प्रदायक:**

(१) नगरपालिकाले सरकारी स्वास्थ्य संस्था तथा समुदायमा

आधारित स्वास्थ्य कार्यक्रमबाट अनुसूची २ मा उल्लेख भए बमोजिमका आधारभूत तथा अन्य स्वास्थ्य सेवा सुनिश्चित गर्न सक्नेछ ।

(२) आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार नगरपालिकाले निजी, गैरसरकारी, सहकारी र सामुदायिक स्वास्थ्य संस्थासँग सहकार्य वा साझेदारी गर्न सक्नेछ ।

(३) नगरपालिका भित्र बनेपा नगरपालिकाले संचालन गरेका आधारभूत स्वास्थ्य सेवा केन्द्रमा कुनै पनि नेपाली नागरिकलाई आधारभूत स्वास्थ्य सेवामा बन्देज गरिने छैन ।

**५. नगरपालिका स्वास्थ्य शाखाः**

(१) आधारभूत स्वास्थ्य सेवा तथा यस ऐन बमोजिम स्वास्थ्य सम्बन्धी नगरपालिकाको अन्य गतिविधि संचालन गर्नका लागि नगर कार्यपालिका मातहत एक स्वास्थ्य शाखा हुनेछ ।

(२) कार्यपालिकाले स्वास्थ्य सेवा प्रवाह व्यवस्थित गर्न शाखा अन्तर्गत आवश्यकता अनुसार संरचनागत व्यवस्था गर्न सक्नेछ ।



## परिच्छेद ३
## स्वास्थ्य संस्था स्थापना तथा संचालन

**६. स्वास्थ्य संस्था स्थापना र संचालनः**

(१) नगरपालिका क्षेत्रभित्र आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि कार्यपालिकाले देहाय बमोजिमका स्वास्थ्य संस्था स्थापना तथा संचालन गर्न सक्नेछ ।

(क) आधारभूत स्वास्थ्य सेवा केन्द्र

(ख) आधारभूत अस्पताल

(ग) आधारभूत आयुर्वेद स्वास्थ्य सेवा केन्द्र

(घ) रक्त संचार केन्द्र

(ङ) तोकिए बमोजिमका अन्य स्वास्थ्य संस्था

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्युनतम मापदण्ड बनेपा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(३) नगरपालिकामा स्वास्थ्य सेवा संचालनको लागि आवश्यकता अनुसार प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था रहने गरी कार्यपालिकाले स्वास्थ्य संस्थाहरू स्थापना तथा संचालन गर्न सक्नेछ ।

(४) नगरपालिकाले उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाबाट आधारभूत स्वास्थ्य सेवाको अतिरिक्त तोकिए बमोजिमका अन्य सेवाको सुनिश्चितता गर्नेछ ।

(५) हरेक सरकारी अस्पतालहरूले अनिवार्य रूपमा आफैं वा निजी क्षेत्रको समन्वयमा फार्मेसी सञ्चालन गरी अत्यावश्यक निःशुल्क औषधिहरूको नियमित उपलब्धता सुनिश्चित गर्नुका साथै अन्य आवश्यक औषधिहरू सुपथ मूल्यमा उपलब्ध गराउनु पर्नेछ ।

(६) औषधि सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

## ७. स्वास्थ्य संस्था व्यवस्थापन समिति :

(१) नगरपालिकाको स्वामित्वमा रहेका स्वास्थ्य संस्थाको व्यवस्थापनको लागि देहाय बमोजिमको नगर स्तरीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति हुनेछ ।

क) नगर प्रमुख -संयोजक
ख) उपप्रमुख -सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
घ) विषयगत समितिको संयोजक -सदस्य
ङ) कार्यपालिकाले तोकेको एक जना महिला सहित कार्यपालिकाका तीनजना सदस्य -सदस्य
च) कार्यपालिकाले मनोनित गरेका वडा सदस्यहरू मध्येबाट एक जना महिला सहित दुई जना -सदस्य
छ) कार्यपालिकाले छनौट गरेका नगर क्षेत्रभित्र सञ्चालित स्वास्थ्य संस्थाका प्रतिनिधि मध्येबाट दुई जना -सदस्य
ज) स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

(४) व्यवस्थापन समितिको काम, कर्तव्य अधिकार र सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ८. स्वास्थ्य संस्था संचालन अनुमति लिनुपर्ने :

(१) नेपाल सरकारले निर्धारण गरेको मापदण्डका साथै तोकिएको प्रक्रिया पुरा गरेको सुनिश्चित गरी नगरपालिका क्षेत्रभित्र निजी, गैरसरकारी, सामुदायिक वा सहकारी संस्थालाई कार्यपालिकाले देहाय बमोजिमका स्वास्थ्य संस्था संचालनको लागि इजाजतपत्र दिन सक्नेछः

(क) जनरल अस्पताल
(ख) नर्सिङ होम
(ग) निदान केन्द्र



(घ) क्लिनिक
(ङ) औषधि पसल
(च) आयुर्वेदिक औषधालय
(छ) पनुस्थापना केन्द्र
(ज) पोलिक्लिनिक
(झ) मेडिकल ल्याब र डायग्नोष्टिक सेवा
(ञ) बैकल्पिक तथा प्राकृतिक चिकित्सा (योग, फिजियोथेरापी, होमियोप्याथी, युनानी, अक्कुपन्चर, मोवाईल हेल्थ क्लिनिक)

(२) इजाजतपत्र प्राप्त नगरी गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले स्वास्थ्य सँग सम्बन्धित कुनैपनि कार्य गर्न पाउनेछैन ।

(३) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले स्वास्थ्य संस्था सञ्चालनको अनुमति लिन वा नवीकरण गर्न दरखास्त दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइने दरखास्तको ढाँचा र तिनू पर्ने दस्तुर तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता गर्दा शाखाले तोकिएको प्रक्रियाका साथै नेपाल सरकारले तोकेको प्रचलित मापदण्ड समेत पुरा भएको सुनिश्चित गर्नेछ ।

(६) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता तथा अनुमति दिनुपूर्व नगरपालिकाको स्वास्थ्य संस्था अनुगमन समितिले आवेदन परेको १५ दिनभित्र आवश्यक अनुगमन गरि तोकिएको मापदण्ड पुरा गरे नगरेको विस्तृत अध्ययन गर्नेछ र कार्यपालिकालाई १ महिनाभित्रमा सिफारिस गर्नुपर्नेछ ।

(७) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको वार्षिक प्रतिवेदन शाखा समक्ष पेश गरी प्रत्येक आर्थिक वर्षमा दर्ता नवीकरण वा नवीकरण सिफारिस लिनुपर्नेछ ।

(८) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा नगरपालिका क्षेत्रबाट अन्यत्र सार्नुपर्ने भएमा शाखालाई अग्रिम जानकारी गराउनुपर्ने छ ।

(९) यो ऐन जारी हुनुअघि नगरपालिका क्षेत्र भित्र संचालित निजी वा गैरसरकारी स्वास्थ्य संस्थाहरू ऐन जारी भएको मितिले ३ महिनाभित्र कार्यपालिकामा अनुमति लिनु र दर्ता गराउनुपर्नेछ ।

(१०)परम्परागत उपचार सेवा संचालन गर्ने निकाय वा व्यक्तिले तोकिएको मापदण्ड र प्रकृया अनुरूप सेवा संचालन स्वीकृति लिनुपर्नेछ ।

(११) इजाजतपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**९. दर्ता सिफारिस लिनुपर्ने:**

(१) नगरपालिका क्षेत्रभित्र प्रादेशिक वा संघीय तहमा इजाजतपत्र लिएर दर्ता भई संचालन हुने निजी स्तरका स्वास्थ्य संस्थाले स्थापना तथा संचालन र नवीकरणको लागि कार्यपालिकाबाट स्वीकृति लिनुपर्नेछ ।

(२) यसरी अनुमति वा दर्ता सिफारिस लिने निजी स्वास्थ्य संस्थाले मापदण्ड बमोजिमका शर्तका अतिरिक्त आफ्नो स्वास्थ्य संस्थाले अनिवार्य रूपमा नगरपालिकाले सिफारिस गरेका असहाय, गरिब तथा विपन्न नागरिकको निःशुल्क उपचार गर्नुपर्नेछ ।

(३) नेपाल सरकारबाट सञ्चालन हुने स्वास्थ्य बिमा सम्बन्धी कार्यक्रम आधारभूत अस्पतालबाट सञ्चालन गर्न सकिने छ ।



## परिच्छेद ४
## स्वास्थ्य संस्थाको अनुगमन र गुणस्तर

**१०. गुणस्तर र पूर्वाधारको मापदण्ड पुरा गर्नुपर्ने:**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाको लागि नेपाल सरकारले बनाएको मापदण्ड बमोजिम सेवा गुणस्तर मापदण्ड र पुर्वाधार मापदण्ड निर्देशिका बनाई लागु गर्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य तोकिएको मापदण्ड अनुरूपको सेवा गुणस्तर पुरा गरेको हुनुपर्नेछ ।

**११. अनुगमन सम्बन्धी व्यवस्था:**

(१) नगर भित्र सञ्चालित स्वास्थ्य संस्थाको अनुगमन गर्न देहाय बमोजिमको अनुगमन समिति रहने छ ।

(क) नगर उप प्रमुख - संयोजक

(ख) स्वास्थ्य संस्था रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडासदस्य - सदस्य

(ग) कार्यपालिकाले तोकेको सामाजसेवी वा स्वास्थ्य सेवी वा शिक्षा क्षेत्रमा क्रियाशील स्थानीय व्यक्तिहरू मध्ये एक महिला सहित २ जना - सदस्य

(घ) कार्यपालिकाले तोकेको महिला स्वास्थ्य स्वयम् सेविकाहरू मध्येबाट १ जना -सदस्य

(ङ) सामाजिक शाखा प्रमुख - सदस्य

(च) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठन हुने समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी, विज्ञ वा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको अनुगमन समितिले दफा ८ बमोजिम संचालन अनुमति लिई नगरपालिका क्षेत्रभित्र संचालनमा रहेको

प्रत्येक स्वास्थ्य संस्थाको वर्षमा कम्तिमा दुई पटक अनिवार्य रूपमा अनुगमन तथा निरीक्षण गर्नेछ ।

(४) कुनै स्थास्थ्य संस्थाले प्रदान गरेको सेवाको गुणस्तरीयता मापदण्ड बमोजिम भए नभएको भनि एकिन गर्न आवश्यक ठानेमा अनुगमन समितिले जुनसुकै समयमा नियमन, निरीक्षण र अनुगमन गर्न सक्नेछ ।

(५) अनुगमन समितिले अनुगमन निरीक्षण प्रयोजनका लागि तोकिएको योग्यता भएका विज्ञलाई समेत आमन्त्रण गर्न सक्नेछ । विज्ञ उपलब्ध गराउन सम्बन्धित विषयका प्रादेशिक तथा संघीय तहका नियामक निकाय तथा अन्य विशेषज्ञ संस्थासंग सहकार्य गर्न सक्नेछ ।

(६) अनुगमनका क्रममा पूर्वाधार वा गुणस्तरको मापदण्ड पालना नगरेको पाईएमा अनुगमन समितिले वस्तुस्थितिको मुचुल्का बनाई आवश्यकता अनुसार सम्बन्धित स्वास्थ्य संस्थामा सिलबन्दी गर्न सक्नेछ र कारबाहीका लागि सिफारिस गर्नेछ ।

(७) उपदफा (६) बमोजिम अनुगमन समितिले अनुगमन सम्पन्न भए पछि सोको प्रतिवेदन तयार गर्नुपर्ने छ । अनुगमनका क्रममा कुनै कारबाही गर्नुपर्ने देखिएमा प्रतिवेदनमा कारबाहीको सिफारिस सहितको राय समेत उल्लेख गरी अन्तिम निर्णयका लागि कार्यपालिकामा पेश गर्नेछ ।

(८) अनुगमन समितिको रायका आधारमा कुनै कारबाही गर्नुपर्ने भएमा त्यस्तो संस्था सञ्चालनका लागि स्वीकृति दिने निकायले त्यस्तो स्थास्थ्य संस्थाले मापदण्डहरूको पालना नगरेका कारण जनस्वास्थ्य मा प्रभाव पर्ने देखेमा स्वास्थ्य संस्था लाई बन्द गर्ने सम्मको आदेश दिन सक्नेछ ।

(९) शाखाले नगरपालिका भित्र स्वास्थ्य क्षेत्रको अवस्था, प्रगति विवरण र स्वास्थ्य संस्थाको अनुगमन प्रतिवेदन समेत सम्मिलित बार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना



भित्र प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिका समक्ष पेश गर्नेछ । कार्यपालिकाले त्यस्तो प्रतिवेदन आगामी नगर सभामा पेश गर्नेछ ।

**१२. सेवा शुल्क निर्धारण र पनरावलोकन:**

(१) नगर सभाले नगरपालिका क्षेत्र भित्र रहेको स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवा बापत सेवाग्राहीबाट लिन पाउने अधिकतम शुल्क संघीय सरकारले तोकेको मापदण्डको अधिनमा रही निर्धारण र निर्धारित शुल्कको पुनरावलोकन गर्न सक्नेछ र सो को कार्यान्वयन भए नभएको नियामित अनुगमन अनुगमन समितिले गर्नेछ ।

(२) कुनै पनि स्वास्थ्य संस्थाले उपदफा (१) को प्रतिकूल नहुने गरी आफ्ना सेवाको शुल्क परिवर्तन गर्दा परिवर्तन गर्नुपर्ने आधार प्रष्ट खुलाई कार्यपालिकालाई पूर्व जनाकारी गराउनेछ । यसरी निर्धारित शुल्कको सूची सबै सेवाग्राहीले देख्ने स्थानमा राख्नेछ ।

**१३.** बनेपा नगरपालिकामा स्वास्थ्य संस्था दर्ता अनुमति तथा नविकरण सम्बन्धी निर्देशिका बनाई कार्यान्वयन गरिने छ । त्यस्तो निर्देशिका नबने सम्म कार्यपालिकाले गरेको निर्णय अनुरूप हुनेछ ।

## परिच्छेद ५
## सरसफाई, स्वास्थ्य जन्य फोहोर व्यवस्थापन तथा स्वास्थ्य वातावरण

**१४. स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापनः**

(१) हरेक स्वास्थ्य संस्थाले आफूले उत्पादन गरेको फोहोर स्वयम व्यवस्थापन गर्नुपर्नेछ । त्यसरी फोहोर व्यवस्थापन गर्दा निर्धारित मापदण्ड र स्वास्थ्य सम्बन्धी जोखिम न्युनिकरणका उपाय अवलम्बन गरिएको हुनुपर्ने छ ।

(२) स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापन र सरसफाईका लागि कार्यपालिकाले उपयुक्त मापदण्ड बनाई जारी गर्न सक्नेछ । यसरी जारी भएको मापदण्डको पालना गर्नु हरेक स्वास्थ्य संस्थाको दायित्व हुनेछ ।

## परिच्छेद ७
## स्वास्थ्य पूर्वाधार र जनशक्ति व्यवस्थापन

**१६. स्वास्थ्य पूर्वाधार र मापदण्ड :**

(१) कार्यपालिकाले आफ्नो क्षेत्राधिकारभित्रका स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको संरक्षण र सम्बर्धन गर्नेछ ।

(२) पुर्वाधार मापदण्डको आधारमा स्वास्थ्य संस्थाको पूर्वाधारको निर्माण तथा मर्मतसम्भार गर्नेछ ।

(३) स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको मर्मत सम्भारका लागि नगरपालिकाले आवश्यक व्यवस्था मिलाउने छ ।

(४) कार्यपालिकाले नगरपालिकाको स्वामित्वमा रहेका स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य संस्थाको वर्गीकरण तथा पूर्वाधार मापदण्ड अनुसार न्युनतम औजार (उपकरणहरूको उपलब्धता सुनिश्चित गर्नेछ ।



**२१. जनशक्तिको व्यवस्थापन:**

(१) नगरपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य संस्थामार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहको लागि नगरपालिकाले आवश्यक जनशक्ति व्यवस्था गर्नेछ ।

(२) कार्यपालिकाले जनशक्तिको क्षमता अभिवृद्धिको लागि प्रादेशिक वा संघीय तहका सम्बन्धित निकाय वा अन्य संस्थाको सहयोगमा आवश्यकता अनुसार तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाउन सक्नेछ ।

(३) नगरपालिका क्षेत्रभित्र स्वास्थ्य कर्मीहरूको लागि कार्यमैत्री वातावरण तथा पेशागत सुरक्षाको व्यवस्था हुनेछ ।

(४) जनशक्ति व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन र तोकिए बमोजिम हुनेछ ।

**२२. कार्यसम्पादन करार गर्नुपर्ने :**

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन कार्यपालिकाले कर्मचारीहरूसंग छुट्टाछुट्टै कार्यसम्पादन करार गर्न सक्नेछ ।

## परिच्छेद ८
## विपद व्यवस्थापन र जनस्वास्थ्य निगरानी

**१७. विपद व्यवस्थापन संयन्त्र :**

(१) कार्यपालिकाले सम्भावित महामारी लगायतका जनस्वास्थ्य विपदहरूको पुर्वतयारी, जाँचपड्ताल, व्यवस्थापन र जोखिम न्यूनीकरणको लागि उपयुक्त संयन्त्रसहितको प्रबन्ध गर्नेछ ।

(२) सम्भावित महामारीको जोखिम पहिचान गरी तिनको रोकथामका लागि अन्य संस्था तथा निकायसँगको सहकार्यमा योजना बनाई कार्यान्वयन गर्नेछ ।

(३) नगरपालिकाले महामारी र विपदबाट थप क्षति हुन नदिन स्थानीय संयन्त्र परिचालन गर्न र थप सहयोगको लागि अन्य स्थानीय सरकार, प्रदेश र संघीय सरकारसंग अनुरोध गर्न सक्नेछ ।

**२४. जनस्वास्थ्य आपतकाल** :

(१) महामारी वा जनस्वास्थ्य मा अन्य कुनै गम्भीर खतरा देखिएमा नगरपालिका प्रमुखले प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी स्थानीय जनस्वास्थ्य अधिकारीको सिफारिसमा आफ्नो क्षेत्रभित्र जनस्वास्थ्य आपतकाल घोषणा गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम आपतकालीन स्वास्थ्य अवस्था घोषणा गर्दा घोषणा गर्नुपर्नाको कारण, आपतकाल कायम रहने समय र आपतकाल लागु हुने क्षेत्र स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

(३) आपतकालीन स्वास्थ्य अवस्थाको घोषणा सम्बन्धी जानकारी सम्बन्धित सबैको जानकारीका लागि सार्वजनिक माध्यमबाट प्रचार प्रसार गर्नु पर्नेछ ।

(४) नगर प्रमुखबाट आपतकालीन स्वास्थ्य अवस्थाको विश्लेषण गरी समयावधि र क्षेत्रमा थपघट गर्न वा त्यस्तो अवस्थाको अन्त्य गर्न सकिनेछ ।

(५) जनस्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्य मा परेको खतरा नियन्त्रणका लागि जनस्वास्थ्य अधिकारीको सिफारिशमा प्रमुखले जारी गरेका जनस्वास्थ्य सम्बन्धी आदेशहरूको पालना गर्नू सबैको कर्तव्य हुनेछ ।

(६) आकस्मिक स्वास्थ्य उपचार कोषको स्थापना गर्न सकिने छ ।

## परिच्छेद ९
## औषधि तथा स्वास्थ्य उपकरणको खरिद तथा भण्डारण, वितरण, नियमन

**१८. औषधि खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था** :

(१) नगरपालिकाले निःशुल्क वितरण गर्ने वा फार्मेसी मार्फत विक्री गर्ने औषधिको सूची निर्धारण गरी औषधि तथा औषधिजन्य उपकरणको खरिद, भण्डारण र वितरणको लागि कार्यपालिकाले वार्षिक खरिद योजना बनाउने छ ।



(२) उपदफा (१) बमोजिमको औषधि खरिद गर्दा सार्वजनिक खरिद ऐन, नियमावली र औषधि सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(३) नगरपालिका मातहतका स्वास्थ्य संस्थामा औषधि खरिद, आपूर्ति भण्डारण तथा विक्रि गरिने औषधिको हकमा मूल्य निर्धारणको लागि निर्देशिका बनाई कार्यान्वयन गर्ने छ ।

**१९. निःशुलक औषधि** :

(१) शाखाले दफा ३ र ४ बमोजिम निःशुल्क ओषधि आफू मातहतका स्वास्थ्य संस्था मार्फत वितरण गर्नेछ ।

**२०. नियमन** :

(१) कार्यपालिकाले संघीय तथा प्रादेशिक तहका प्रचलित कानुनका समेतलाई आधार मानी नगरपालिका क्षेत्रभित्र औषधिको विक्री, वितरण तथा प्रयोगको नियमन गर्नेछ ।

## परिच्छेद १०
## साझेदारी र सहकार्य

**२१. साझेदारी र सहकार्य गर्न सक्ने** :

(१) कार्यपालिकाले आधारभूत तथा अन्य स्वास्थ्य सेवा प्रवाह गर्न तथा यस ऐनको कार्यान्वयन गर्न प्रचलित कानुनको अधिनमा रही आवश्यकता अनुसार स्थानीय, प्रादेशिक तथा संघीय तहमा कार्यरत निजी, सरकारी तथा गैरसरकारी संस्था तथा नियकायसंग सहकार्य गर्न सक्नेछ ।

(२) सेवा प्रवाहको सुलभता वा खर्च न्यूनिकरणको लागि कार्यपालिकाले अन्य स्थानीय सरकारसंग सहकार्य गरी आफ्नै क्षेत्रभित्र वा नजिकको पायक पर्ने स्थानीय तहमा संचालित स्वास्थ्य संस्थामार्फत सेवा प्रवाह गराउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको सहकार्य गर्न कार्यपालिकाले अन्य नगरपालिकासंग लक्षित जनसंख्याचको अनुपातको आधारमा वा

सेवाग्राही संस्थाको अनुपातको आधारमा खर्च बाँडफाँड गर्न गरी संयुक्त सेवा सम्झौता गर्न सक्नेछ ।

**२२. सेवा खरिद सम्झौता गर्न सक्ने** :

नगरपालिका क्षेत्रका बासिन्दालाई स्वास्थ्य सेवा सुनिश्चित गर्नको लागि कार्यपालिकाले नगरपालिका क्षेत्रभित्र संचालित वा नगरपालिका आसपासमा पायक पर्ने स्थानमा संचालित निजी, गैरसरकारी, सामुदायिक, सरकारी वा सहकारी संस्थाले संचालन गरेको स्वास्थ्य संस्थासंग सेवा खरिद सम्झौता गर्न सक्नेछ ।

**२३. विद्यालय स्वास्थ्य सेवा**ः

(१) नगरपालिकाले शैक्षिक निकाय तथा विद्यालयहरूसँग सहकार्य गरी विद्यालय स्वास्थ्य सेवा प्रदान गर्न विद्यालय नर्सको व्यवस्था गर्न सक्नेछ ।

(२) विद्यालय स्वास्थ्य सेवा र विद्यालय नर्स सम्बन्धी व्यवस्थाको प्रकृति र मापदण्डहरू कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**२४. घुम्ती शिविर सम्बन्धी व्यवस्था** :

(१) स्वास्थ्य सम्बन्धी घुम्ती शिविर वा सेवाहरू सञ्चालन गर्न शाखाबाट अनुमति लिनु पर्नेछ ।

(२) घुम्ती स्वास्थ्य शिविर वा सेवाहरू प्रदान गर्दा पूरा गर्नु पर्ने प्रकृया र मापदण्ड कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद ११

## स्वास्थ्य सूचना प्रणाली र स्वास्थ्य प्रविधि, तथ्यांक र अभिलेख

**२५. तथ्याङ्क संकलन र अभिलेखिकरण** :

(१) नगरपालिकाले आफ्नो क्षेत्रमा घरपरिवार तहसम्मको स्वास्थ्य सम्बन्धी तथ्यांक र अभिलेख संकलन गरी नियमित रूपमा अद्यावधिक गर्न पद्धति विकास गर्नेछ ।



(२) नगरपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको रोग, बिरामी तथा सेवा सम्बन्धी तथ्यांक र अभिलेख नगर स्वास्थ्य सूचना प्रणालीमा नियमित रूपमा अद्यावधिक गराउनुपर्ने छ ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख अनिवार्य रूपमा राख्नुपर्नेछ ।

(४) नगरपालिका वा इजाजतपत्र स्वास्थ्य संस्था वा अनुमतिप्राप्त स्वास्थ्य कर्मीले संकलन गरेको स्वास्थ्य सँग सम्बन्धित व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनियताको सुनिश्चित गर्नु सम्बधित स्वास्थ्य संस्था तथा नगरपालिकाको दायित्व हुनेछ ।

(५) नगरपालिका तथा वडा तहका स्वास्थ्य सम्बन्धी सूचकांकहरू नियमित रूपले अद्यावधिक गरी सार्वजनिक गर्नेछ ।

(६) कार्यपालिकाले स्वास्थ्य सम्बन्धी सूचना प्रादेशिक तह तथा संघीय तहका स्वास्थ्य हेर्ने निकायमा आवश्यकता अनुसार उपलब्ध गराउने छ ।

(७) शाखाले आवधिक रूपमा नगर स्वास्थ्य सर्वेक्षण गर्नेछ ।

**३३.** जानकारी पाउने हक विरामीलाई आफ्नो उपचार सम्बन्धी सम्पुर्ण जानकारी पाउने हक हुनेछ । सो जानकारी उपलब्ध गराउनु स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ ।

## परिच्छेद १२

## आकस्मिक स्वास्थ्य सेवा/आधारभूत स्वास्थ्य सेवा

**२६. आकस्मिक सेवाबाट बन्देज नगरिने** :

(१) नगरपालिका क्षेत्रमा संचालित कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि बिरामी व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन ।

(२) स्वास्थ्य सेवा प्रदायक वा स्वास्थ्य कर्मीले आवश्यकता अनुसार कुनै पनि ब्यक्तिलाई जीवन रक्षा गरी स्थिर अवस्थामा ल्याउनेसम्म

आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एवं स्वास्थ्य कर्मीको कर्तव्य र दायित्व हुनेछ ।

अनुसूची १ र २ बमोजिमको आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गरिने छ ।

## परिच्छेद १४
## दण्ड र जरिवाना

**२७. कसूर गरेको मानिने :**

(१) कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ :

(क) दफा ८ बमोजिम इजाजतपत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ख) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

(ग) स्वास्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा,

(घ) दफा ४९ (२) बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा,

(ङ) दफा ३२ (४) बमोजिम गोपनीयता कायम नगरेमा,

(च) स्वास्थ्य कर्मी वा सेवा प्रदायकलाई यो ऐन अन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(छ) स्वास्थ्य कर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(ज) स्वास्थ्य कर्मी वा सेवा प्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(झ) स्वास्थ्य कर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा,



(ञ) यो ऐन तथा यस ऐन अन्गर्तत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालन नगरेमा,

(ट) दफा १६ बमोजिम खाद्य पदार्थ तथा पानीको गुणस्तरका कारण जनस्वास्थ्य मा प्रतिकूल प्रभाव पारेमा,

(ठ) दफा १७ विपरीत कसैले विज्ञापन गरेको पाइएमा,

(ड) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरितको अन्य कुनै कार्य गरेमा।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको कसूर गरेमा संघीय जनस्वास्थ्य सेवा ऐन, २०७५ बमोजिम हुनेछ ।

(३) उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट) र (ड) बमोजिमको कसूर गरेमा पच्चीस हजारदेखि पचास हजारसम्म जरिवाना,

(४) उपदफा (१) को खण्ड (ठ) बमोजिमको कसूर गरेमा विज्ञापन प्रशारण गर्नेलाई दश हजार रूपैयाँ जरिवाना ।

(५) दण्ड, सजाय र जरिवाना सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**२८. मुद्दा हेर्ने अधिकारी :**

यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दाको शुरू कारबाही र किनारा गर्ने अधिकार न्यायिक समितिमा रहनेछ ।

**२९. पुनरावेदन :**

यस ऐन अन्तर्गगत सजाय हुने कसुर सम्बन्धी मुद्दामा न्यायिक समितिले गरेको निर्णय उपर ३५ दिन भित्र जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ ।

## परिच्छेद १३
## विविध

**३०.** समन्वय गर्ने राष्ट्रिय तथा प्रादेशिक अभियानमा स्थानीय सरकारले समन्वय र सहयोग पुऱ्याउने छ ।

**३१.** नियम बनाउन सक्ने यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नगरपालिकाले स्थानीय राजपत्रमा प्रकाशन गरेपछि लागु हुनेछ ।

**३२.** मापदण्ड, निर्देशिका र कार्यविधी बनाउन सक्ने यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधी बनाउन सक्नेछ ।

**३३. स्वास्थ्य कार्यक्रम संचालन गर्ने :**

कार्यपालिकाले लक्ष्य निर्धारण गरी योजना निर्माण, कार्यान्वयन, मुल्याङ्कन तथा समिक्षाको कार्यतालिका बनाई आवश्यकता अनुसार स्वास्थ्य र जनस्वास्थ्य सम्बन्धी प्रबर्धनात्मक प्रतिकारात्मक, उपचारात्मक तथा पुनस्थापना सम्बन्धी कार्यक्रमहरू संचालन गर्न सक्नेछ ।

**३४. पोषण कार्यक्रम संचालन गर्ने :**

(१) कार्यपालिकाले गर्भवति महिला,सुत्केरी आमा र २३ महिनाको शिशुको लागि पोषण सुरक्षा कार्यक्रमको संचालन र प्रबर्धन गर्नेछ ।

(२) कार्यपालिकाले योजना बनाई स्तनपान प्रवर्धनका कार्यक्रम संचालन गर्नेछ ।

(३) कार्यपालिकाले  योजना बनाई नगरपालिका क्षेत्रभित्र कुपोषणको पहिचान, न्युनिकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापनका साथै अति कुपोषित बालबालिकाको पुनस्थापनाको कार्यक्रम संचालन गर्नेछ ।



**३५. सामाजिक सुरक्षा र स्वास्थ्य विमा :**

(१) नगरपालिका क्षेत्रका सबै बासिन्दालाई स्वास्थ्य बीमा ऐनको तोकेबमोजिम अनिवार्य स्वास्थ्य विमामा आवद्ध गराउनु कार्यपालिकाको दायित्व हुनेछ ।

(२) कार्यपालिकाले सम्बन्धित नियकासंगको सहकार्यमा सामाजिक सुरक्षा सम्बन्धी जनचेतनाका कार्यक्रम संचालन गर्न सक्नेछ ।

(३) कार्यपालिकाले आर्थिक रूपले विपन्न तथा तोकिएका अन्य लक्षित समुहको स्वास्थ्य विमा गराउन र अन्य सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी गराउन आर्थिक व्यवस्थापनको लागि प्रादेशिक तथा संघीय तहका निकायहरूसंग समन्वय गर्नेछ ।

(५) महिला, बालबालिका, किशोरकिशोरी, दलित, अपाङ्गता भएक व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक र अन्य लक्षित समहुहहरूका लागि कार्यविधि बनाई कार्यपालिकाले विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरू संचालन गर्न सक्नेछ ।

(६) कार्यपालिकाले विशेष संरक्षणको आवश्यकता भएका महिला बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका, अशक्त र अन्य लक्षित समुहहरूका लागि प्रदेश तथा संघको समन्वयमा आवश्यक संरक्षणको व्यवस्था गर्न सक्नेछ ।

**३६. अधिकार प्रयोग गर्न सक्ने :**

यस ऐनमा सभाले गर्ने भनि तोकेको बाहेक अन्य अधिकारहरू कार्यपालिकाले प्रयोग गर्न सक्नेछ ।

**३७. सेवाग्राहीको कर्तव्य :**

(१) प्रत्येक व्यक्ति नियमित रूपमा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

(२) आफ्नो स्वास्थ्य को सम्बन्धमा सचेत रहने र चिकित्सक तथा

स्वास्थ्य कर्मीलाई मर्यादित एवं शिष्ट व्यवहार गर्नु नगरपालिका भित्रका प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

(३) मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूलाई कसैले पनि बाँधेर राख्ने वा खोरमा थुन्ने जस्ता कार्य गर्न पाइने छैन । त्यस्ता व्यक्तिहरूको बारेमा कार्यपालिकालाई सूचना दिने, स्वास्थ्य संस्थामा लैजाने, उपचार गर्ने गराउने, उपचार खर्च दिने र स्वस्थ रहन तथा उपचार गर्ने कार्यमा सहयोग तथा सहजिकरण गर्नु प्रत्येक संरक्षकको दायित्व हुनेछ ।

**३८. सेवा प्रदायक र स्वास्थ्य कर्मीको दायित्व :**

(१) नागरिकलाई शिष्ट र मर्यादित रुपमा स्वस्थय सेवा प्रदान गर्नु सेवा प्रदायकको दायित्व हुनेछ ।

(२) यस ऐन बमोजिम स्वास्थ्य कर्मीले उपचार गर्दा सबै सेवाग्राही प्रति समान व्यवहार गर्नु र भेदभाव नगरी सेवा दिनु सबै स्वास्थ्य कर्मीको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विरामीको अवस्थाको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकिकरण गर्न सक्नेछ ।

(४) स्वास्थ्य कर्मीलाई पेशागत सुरक्षा र कार्यमैत्री वातावरणको हक हुनेछ ।

**३९. स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाईने :**

स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकाले कुनै पनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरूद्ध गर्न पाईने छैन ।

**४०. गुनासो व्यवस्थापन :**

कार्यपालिकाले स्वास्थ्य सेवा, सरसफाई र जनस्वास्थ्य संग सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि सिफारिस



गर्न एक अधिकारी तोकिने छ ।

**४१.** प्रचलित कानून बमोजिम हुने यस ऐनमा लेखिएजति विषय यसै ऐन बमोजिम र यस ऐनमा नतोकिएका विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**४२. क्षतिपुर्ति दिनुपर्ने :**

नगरपालिका भित्र कुनै व्यक्ति वा संस्थाको लापरबाहीले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकुल असर परेमा निजलाई न्यायिक समितिले क्षतिपूर्ति दिलाउनु सक्नेछ ।

**४३. परामर्श लिन सक्ने :**

कार्यपालिका, सभा वा शाखाले यस ऐनको कार्यान्वयनको लागि सम्बन्धित विषयका विज्ञसंग सल्लाह र परामर्श लिन सक्नेछ ।

**४४. अधिकार प्रत्यायोजन गर्न सक्ने :**

कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार शाखामा प्रत्यायोजित गर्न सक्नेछ ।

## अनुसूची-१

### (नियम ३ साग सम्बन्धित)

### आधारभूत स्वास्थ्य सेवा

**१. खोप सेवा :**

| | |
|---|---|
| बालबालिकाको लागि खोप सेवा | वि.सि.जि., पोलियो खोप, निमोकोकल, डिपिटी, हिब, हेपाटाइटीस बी, दादुरा-रुबेला, जापनिज इन्सेफलाईटिस, रोटा भाइरसको खोप,टाइफाइड |
| गर्भवती महिला तथा प्रजनन उमेरका महिलाको लागि | • धनुष्टङ्कार तथा भ्यागुते रोग विरुद्ध खोप<br>• Human Papillomavirus (HPV) vaccines |

२. एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा :

(क) नवजात शिशु तथा बालरोग व्यवस्थापन :

| | |
|---|---|
| नवजात शिशु तथा बालरोग व्यवस्थापन सेवा | दुई महिनासम्मको शिशुको स्याहार तथा उपचार<br>देहाय वमोजिमको अवस्था भएका नवजात शिशुहरुको स्तरीय उपचार पद्धति अनुसार आधारभूत सेवा प्रदान गर्नुपर्ने :<br>• नवजात संक्रमण<br>• निसास्सिएको नवजात शिशु<br>• शिताङ्ग<br>• कमलपित्त<br>• कम जन्मतौल<br>• समय नपुगी जन्मेका<br>• स्तनपान तथा खुवाउने सम्बन्धी समस्या<br>• नाभी सम्वन्धी समस्या<br>• रगतमा ग्लुकोजको कमी<br>• जन्मजात विकलाङ्गता<br>दुई महिना देखि पाच वर्षसम्मका बालबालिकाको स्याहार तथा उपचार देहाय बमोजिमको अवस्थामा प्रचलित उपचार पद्धति अनुसार आधारभूत सेवाहरु प्रदान गर्नु पर्ने : |
| | • शीघ्र श्वासप्रश्वास संक्रमण<br>• निमोनिया<br>• औलो<br>• झाडापखाला<br>• दादुरा<br>• कुपोषण<br>• कानको संक्रमण |



(ख) पोषण सेवा :

| | |
|---|---|
| पोषण सम्बन्धी सेवा | पोषण परामर्श तथा कुपोषण्को व्यवस्थापन<br>पोषण परामर्श :<br>• गभैवती महिलालाइ पो परामश, आमाको स्तनपान गराउने लगायत बालवालिकाका लागि पोषण परामर्श । |
| | • आहार विविधीकरण परामर्श सेवा र प्रदर्शन । |
| | • शीध्र कुपोषणको प्रचलित उपचार पद्धति अनुसार निदान र व्यवस्थापन । |
| | • जटिल शीघ्र कुपोषणको प्रचलित उपचार पद्धति अनुसार निदान र प्रेषण सेवा । |
| | सुक्ष्म पोषण पूरकता<br>• पाँच वर्ष मुनिका बालबालिकाको लागि : भिटामिन ए क्याप्सुल ।<br>• गर्भवती महिलाका लागि : आइरन चक्की,फोलिक एसिड,क्याल्सियम<br>• सुत्केरी महिलाका लागि : आइरन चक्की,भिटामिन ए,पोषण सामाग्री<br>• किशोरीको लागि : आइरन चक्की |
| | • बाह्र महिनादेखि उनन्साठी महिनासम्मका बालबालिका तथा स्कूल जाने बालबालिकाको लागि (विद्यालय मार्फत) : जुकाको औषधि ।<br>• गर्भवती महिलाका लागि : जुकाको औषधि । |
| | • दुई वर्ष मुनिका बालवालिककाका लागि : वृद्धि अनुगमन तथा परामर्श । |
| | • वी.एम.आई., एम.यू.ए.सि. जाँच तथा परामर्श । |

| | |
|---|---|
| औलो | निदात तथा उपचार (प्रभावित क्षेत्रमा मात्र) |
| जनावर टोकाइ | जोखिम लेखाजोखा, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| कुष्ठरोग | निदान, उपचार तथा प्रेषण |
| कालाजार | परामर्श तथा प्रेषण |
| डेंगु | परामर्श तथा प्रेषण |
| फाइलारियसिस | परामर्श तथा प्रेषण |
| पाचन प्रणाली सम्बन्धी सङ्क्रमण | सामान्य झाडापखाला : जल-वियोजन |
| | आउँ, प्रारम्भिक निदान, उपचार र प्रेषण |
| | म्यादेज्वरो प्रारम्भिक निदान र लाक्षणिक उपचार तथा प्रेषण |
| | जुका तथा पाचन प्रणालीका अन्य परजीवी संक्रमण : प्रारम्भिक निदान, उपचार |
| श्वास प्रश्वास प्रणाली सम्बन्धी संक्रमण | मौसमी इन्फ्लुएन्जा : प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण |
| | श्वासप्रश्वास नली संक्रमण : प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण |
| | रुबेला : प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण |
| हाँडे | प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण |
| छाला तथा नरम तन्तु संक्रमण | लुतो : निदान र उपचार |
| | जुम्रा : निदान र उपचार |
| | छालाको संक्रमण, पिलो, फोडा : निदान र उपचार तथा प्रेषण |
| | दाद तथा अन्य ब्याक्टेरिया र ढुसीजन्य छाला रोगहरु : निदान र उपचार तथा प्रेषण |
| आँखा सम्बन्धी संक्रमण | आँखामा संक्रमण : प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण नवजातमा आँखा पाक्ने समस्या प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण |
| नाक र कानको संक्रमण | कानमा संक्रमण : प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण |
| | नाकमा संक्रमण : प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण |
| मुख सम्बन्धी | मुख भित्रको संक्रमण : प्रारम्भिक निदान, लाक्षणिक |



| | |
|---|---|
| संक्रमण | उपचार तथा प्रेषण |
| | मुखको घाउ : प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण |
| प्रजनन तथा यौन रोग | तल्लो पेट दुखाईको : प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| | पिसाव नलिबाट पिप आउने समस्या : प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| | योनीबाट प्रदर आउने समस्या : प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| | योनी/लिङ्गमा घाउ आउने समस्या प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| | अण्डकोष थैली सुनिने समस्या : प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| | काँछको लिम्फग्रन्थी सुन्निने समस्या : प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| | मूत्रप्रणालीको संक्रमण : प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |

(४) नसर्ने रोग तथा शारीरिक विकलाङ्गता सम्बन्धी सेवा :

| | |
|---|---|
| उच्च रक्तचाप | • प्रारम्भिक जाँच तथा पहिचान, आकस्मिक उपचार, परामर्श सेवा तथा प्रेषण<br>• उपचारको निरन्तरता |
| मधुमेह | • प्रारम्भिक जाँच तथा पहिचान, आकस्मिक उपचार, परामर्श सेवा तथा प्रेषण<br>• उपचारको निरन्तरता |
| दीर्घकालीन अवरोधात्मक फाक्सोको रोग तथा दमको रोग | • प्रारम्भिक जाँच तथा पहिचान, आकस्मिक उपचार, परामर्श सेवा तथा प्रेषण<br>• आकस्मिक उपचार<br>प्रारम्भिक जाँच तथा पहिचान, आकस्मिक उपचार, परामर्श सेवा तथा प्रेषण |
| हाडजोर्नि तथा मांसपेशीको दुखाई | प्रारम्भिक जाँच तथा पहिचान, आकस्मिक उपचार, परामर्श सेवा तथा प्रेषण |
| अम्लपित्त | प्रारम्भिक जाँच तथा पहिचान, आकस्मिक उपचार, परामर्श सेवा तथा प्रेषण |

| | |
|---|---|
| आँखा सम्वन्धी समस्या | प्रारम्भिक जाँच तथा पहिचान, आकस्मिक उपचार, परामर्श सेवा तथा प्रेषण |
| मुख सम्बन्धी स्वास्थ्य समस्या | प्रारम्भिक जाँच तथा पहिचान, आकस्मिक उपचार, परामर्श सेवा तथा प्रेषण |
| अपाङ्गता | प्रारम्भिक निदान, परामर्श तथा प्रेषण |

(५) मानसिक रोग सम्बन्धी सेवा :

| | |
|---|---|
| मानसिक स्वास्थ्य समस्या | प्रारम्भिक जाँच तथा पहिचान, आकस्मिक उपचार, परामर्श सेवा तथा प्रेषण |
| मदिनरा तथा लागू पदार्थ दुर्व्यसन | लागू पदार्थ दुर्व्यसन : प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| | मदिरापानको लतको जाँच र प्रारम्भिक व्यवस्थापन, प्रेरणादायी अन्तरक्रिया, प्रेषण र परामर्श |

(६) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा :

| | |
|---|---|
| जेष्ठ नागरिकको स्वास्थ्य समस्या | • प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण<br>• स्वास्थ्य प्रवर्धन सेवा<br>• Phyisotherapy and Rehabilitation<br>• पोषण |

(७) सामान्य आकस्मिक अवस्थाको सेवा :

| | |
|---|---|
| चोटपटक तथा घाउखटिरा | घाउ चोटको मलमपट्टी र आवश्यकता अनुसार प्रेषण र परामर्श |
| | काटेको ठाउँमा टाँका लगाउने र आवश्यकता अनुसार प्रेषण र परामर्श |
| | पिलो र फोडाको उपचार र आवश्यकता अनुसार प्रेषण र परामर्श |
| आकस्मिक अवस्थाको प्राथमिक व्यवस्थापन | आघात: व्यवस्थापन तथा आवश्यकता अनुसार प्रेषण सेवा |
| | मुर्छित अवस्थाको लेखाजोखा : प्रारम्भिक व्यवस्थापन र आवश्यकता अनुसार उपचार र प्रेषण |
| | कन्भल्जन : व्यवस्थापन तथा आवश्यकता अनुसार प्रेषण सेवा |
| | दुर्घटनाबाट गम्भीर घाइते विरामी :स्थिर बनाउने, आवश्यक व्यवस्थापन र प्रेषण सेवा |
| | हाड भाँचिएको वा जोर्नी खुस्केको : स्थित बनाउने, निदान, दुखाईको व्यवस्थापन र प्रेषण परामर्श |
| | पोलाई : प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| | विषदी सेवन : पेट सफा गर्ने लगायतका प्रारम्भिक व्यवस्थापन, उपलब्ध प्रति विषादीको प्रयोग तथा आवश्यकता अनुसार प्रेषण सेवा |
| | पानीमा डुबेको : प्रारम्भिक व्यवस्थापन र आवश्यकता अनुसार प्रेषण सेवा |
| आँखा, नाक, कान घाँटीसँग सम्बन्धित आकस्मिक अवस्था | घाँटीमा बाह्यपदार्थ : प्राथमिक उपचार, परामर्श तथा प्रेषण |
| | आँखामा बाहेयपदार्थ : प्राथमिक उपचार, परामर्श तथा प्रेषण |
| | कान भित्र बाह्यपदार्थ : प्राथमिक उपचार, परामर्श तथा प्रेषण |
| | नाकबाट रगत आउने समस्या : प्राथमिक उपचार, परामर्श तथा प्रेषण |
| सर्पदंश | प्राथमिक उपचार, परामर्श तथा प्रेषण |

(८) स्वास्थ्य प्रवर्द्धन सेवा :

| | |
|---|---|
| स्वास्थ्य प्रवर्घन वा | जनचेतनामूलक सूचना तथा सञ्चार सामाग्री/व्यवहार परिवर्तन सञ्चार तथा परामर्श सेवा |

(९) आयुर्वेद तथा अन्य परम्परागत स्वास्थ्य सेवा :

| | |
|---|---|
| आयुर्वेद | पूर्वपञ्च कर्म सेवा |
| | योग सेवा |
| | सतावरी (सुत्केरी आमाको लागि) |
| होमियोपेथिक | मुसा (थुजा) को निदान र उपचार |
| | छालाको एलर्जीको निदान र उपचार |
| | टन्सिलको निदान र उपचार |
| | अम्लपित्तको निदान र उपचार |
| | दुबीको निदान र उपचार |
| | हाडजोर्नीको समस्या |

• स्तरीय उपचार प्रोटोकोलले तोके बमोजिमको सेवा प्रदान गर्नु पर्ने ।

## अनुसूची-२

### नियम ४ को उपनियम (१), (२) र )३) साम सम्बन्धित)

आकस्मिक स्वास्थ्य सेवा

| क्र. सं. | आकस्मिक स्वास्थ्य सेवा | स्वास्थ्य समस्याहरु | |
|---|---|---|---|
| १. | श्वासप्रश्वास सम्वन्धी | Acute Exacerbation of Chronic Obstructive Pulmonary Disease<br>Acute Mountain Sickness<br>Acute Pulmonary Embolism<br>Acute Pulmonary Oedema<br>Acute Respiratory Failure<br>Acute Respiratior DIstress Syndrome (ArDS)<br>Aspiration Pneumonia<br>Asthma | Decompression Syndrome<br>Forein body in respiratory tract<br>High Altitude Pulmonary Oedema (HAPE)<br>Respiratory Acidosis<br>Respiratory Alkalosis<br>Ruptured diaphragm<br>Status Asthmaticus<br>Severe pneumonia<br>Tension Pneumothorax<br>Others |
| २. | मुटु सम्वन्धी | Cardiac Arrythmias (E.g. ventricular tachycardia, ventricular arrythmias)<br>Cardiac Tamponade<br>Cardiogenic shock<br>Congestive Cardiac Failure (CCF)<br>Heart Block<br>Atrial Fidbrillition | Infective Endocarditis<br>Ischaemic Heart Diseases (e.g. Angina Pectoris, Myocardial Infarction)<br>Myocarditis<br>Pericardial Effusion<br>Pericarditis<br>Others |
| ३ | मस्तिष्क तथा नशा सम्वन्धी | Cerebrovascular Accident (CVA)<br>Coma o fany cause<br>Encephalitis | Epilepsy<br>Guillain Barre syndrome<br>High Altitude |



| | | | |
|---|---|---|---|
| | | Encephalopathy (Hypoxic/Hepatic/uremic) | Cerebral Oedema(HACE)<br>Meningitis<br>Status Epilepticus<br>Others |
| ४. | पेट सम्वन्धी | Acute Appendicitis<br>Acute Cholecystitis<br>Acute Pancreatitis<br>Duodenal Perforation<br>Erosive gastritis<br>Foreign body in esophagus<br>Fulminant hepatitis<br>Gastric perforation<br>Gastrointestinal Bleeding (upper & lower) | Intestinal Obstruction<br>Intestinal Perforation<br>Intussusception<br>Peritonitis<br>Ruptured Esophagus<br>Splenic rupture<br>Strangulated and obstructed hernia<br>Trauma to abdominal hernia<br>variceal Bleeding<br>Others |
| ५. | मूत्र प्रणालीसँग सम्वन्धित | Acute retention urine<br>Hematuria<br>Acute Pyelonephritis<br>Pyonephritis<br>Pyonephrosis<br>Acute renal fallure | Metabolic acidosis and alkalosis<br>Testicular Torsion<br>Paraphimosis<br>Ruptured bladder other<br>Others |
| ६. | प्रजनन स्वास्थ्य सम्वन्धी | Antepartum hemorrhage<br>Eclampsia<br>Ectopic Rupture<br>Obstructed Labour<br>Post-partum hemorrhage<br>Preeclampsia | Pregnancy Induced Hypertension<br>Puerperal Sepsis<br>Retention of Placenta<br>Rupture Uterus<br>Others |
| ७. | हाडजोर्नी सम्वन्धी | Fractures-e.g. Femur fracture, spine fracture<br>Compartment syndrome<br>Lacerations | Bleeding<br>Amputation<br>Gangrene<br>Others |
| ८. | मेटावोलिक एण्ड इन्डोक्राईनो | Adrenal Insufficiency<br>Hypo/hyperkaliemia | Ketoacidosis<br>Metabolic Alkalosis |

| | | | |
|---|---|---|---|
| | लोजिकल सम्वन्धी | Hypo/hypernatremia | Metabolic Acidosis<br>Others |
| ९. | आँखा सम्बन्धी | Chemical burn<br>Corneal ulcer<br>Double vision | Foreign Body in eye<br>Sudden vision loss<br>Traumatic injury to eye<br>Others |
| १०. | नाक, कान र घाँटी सम्वन्धी | Epistaxis<br>Foreign body in Nose<br>Choking | Acute epiglottitis<br>Others |
| ११. | पोलाई सम्वन्धी | Thermal burns<br>Chemical burns | Electrical injuries<br>Lightening injuries<br>Others |
| १२. | मानसिक स्वास्थ्य सम्वन्धी | Acute Psychosis<br>Alcohol intoxication<br>Alcohol withdrawal syndrome<br>Catatonic stupor<br>Conversion Disorder<br>Drug Toxicity<br>Lithium Toxicity<br>Delirium Tremens | Narcoleptic Malignant Syndrome<br>Panic Attack<br>Schizophrenia<br>Suicidal attempt<br>Transient Situational Disturbances<br>Violent and aggressive Behaviour or over excitement<br>Others |
| १३. | विषाक्तता र औषधिको ओभरडोज सम्वन्धी | Organophosphorus Poisoning<br>Mushroom poisoning<br>Wild honey poisoning<br>Dhatura poisoning | Paracetamol poisoning<br>Zinc phosphide poisoning<br>Aluminum Phosphide Poisoning<br>Drug overdose<br>Others |
| १४ | सर्पदंश / किराको टोकाई / जनावरको टोकाई सम्वन्धी | Snake bite<br>Insect bite | Animal bite |



| | | | |
|---|---|---|---|
| १५. | बाल रोग सम्वन्धी | Acute abdomen<br>Central cyanosis<br>Coma (or seriously reduced level of consciousness)<br>Diarrhoea with signs of dehydration<br>Neonatal emergencies (e.g. trachaeo-esophageal fistula, Imperforated anus, pin hole meatus, neonatal sepsis) | Obstructed or absent breathing<br>Severe respiratory distress<br>Shock (cold extremities with capillary refill time > 3 second and weak and fast pulse)<br>Seizures<br>Rashes (Viral exanthems)<br>Others |
| १६. | सामान्य आकस्मिक अवस्थाका स्वास्थ्य सेवा सम्वन्धी | | |
| | चोटपटक तथा | घाउ चोटको मलमपट्टी र आवश्यकता अनुसार प्रेषण र परामर्श | |
| | घाउखटिरा | काटेको ठाउँमा टाँका लगाउने र आवश्यकता अनुसार पैषण र परामर्श | |
| | | पिलो र फोडाको उपचार र आवश्यकता अनुसार प्रेषण र परामर्श | |
| | आकस्मिक वस्थाको प्राथमिक व्यवस्थापन | आघात : व्यवस्थापन तथा आवश्यकता अनुसार प्रेषण | |
| | | मुर्छित अवस्थाको लेखाजोखा : प्रारम्भिक व्यवस्थापन र आवश्यकतता अनुसार उपचार र प्रेषण | |
| | | कन्भल्जन : व्यवस्थापन तथा आवश्यकता अनुसार प्रेषण | |
| | | दुघैटनाबाट गम्भीर घाइते बिरामी : स्थिर बनाउने, आवश्यक व्यवस्थापन र प्रेषण | |
| | | दुर्घटनाबाट गम्भीर घाइते बिरामी : स्थिर बनाउने, आवश्यक व्यवस्थापन र प्रेषण | |
| | | हाड भाँचिएको वा जोर्नी खुस्केको : स्थिर बनाउने, निदान, दुखाईको व्यवस्थापन र प्रेषण र परामर्श | |
| | | पोलाई : प्रारम्भिक निदान, लाक्षणिक उपचार प्रेषण र परामर्श | |
| | | विषादी सेवन : पेट सफा गर्ने लगायतका प्रारम्भिक व्यवस्थापन, उपलब्ध प्रति-विषादीको प्रयोग तथा आवश्यकता अनुसार प्रेषण | |
| | | पानीमा डुबेको : प्रारम्भिक व्यवस्थापन र आवश्यकता अनुसार प्रेषण | |
| | सर्पदंश | प्राथमिक उपचार प्रेषण र परामर्श | |

**आज्ञाले,**
**शिव प्रसाद हुमेगाई**
**प्रमुख प्रशासकीय अधिकृत**